# दुहवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

### शिलबन्दी बोलपत्र आह्वानको सुचना
### दोश्रो पटक प्रकाशित सुचना मिति : २०७६/०३/१९

यस दुहवी नगरपालिका अन्तर्गत तपसिल बमोजिमका आ.व. २०७६/०७७ को लागि मिति २०७७ असाढ मसान्त सम्म को लागि शिलबन्दी बोलपत्र द्वारा आन्तरीक आय संकलनको ठेक्का बन्दोवस्त गर्नु पर्ने भएको हुदा इच्छुक व्यक्ती, सस्थाहरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहवी नगरपालिका कार्यालयमा तोकिएको समय भित्र छुट्टा छुट्टै गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नु हुन दोश्रो पटक यो सुचना प्रकाशित गरीएको छ ।

तपसिल

| सि.नं. | ठेक्का शिर्षक | न्युनतम ठेक्का अंक वार्षिक रु |
|---|---|---|
| रा.आ.ठे.नं. ७ | विहिवारे साप्ताहिक हाट कर दुहवी ८ | २,२५,०००।०० |
| रा.आ.ठे.नं. ९ | पोखरी ठेक्का दुहवी न.पा. ९ (२ वर्ष) | २२,०००।०० |
| रा.आ.ठे.नं. १० | वुधवारे,आईतवारे नहरचोकमा लागने सनिवारे मंगलवारे हाटकर दुहवी न.पा. १० | २,७३,०००।०० |
| रा.आ.ठे.नं. १२ | मधुधामी माछा पोखरी अन्दाजी ०-३-० जग्गाको पोखरी, दुहवी न.पा. १२ (२ वर्ष) | ४०,०००।०० |
| रा.आ.ठे.नं. १३ | शुक्रबारे आइतवारे हाटकर दुहवी न.पा. वडा नं. ११ | २१,०००।०० |
| रा.आ.ठे.नं. १४ | विज्ञापन ठेक्का कर | ५,००,०००।०० |
| रा.आ.ठे.नं. १६ | रंगशालाको घास ठेक्का वडा नं. ४ | २,०००।०० |
| रा.आ.ठे.नं. १८ | शुक्रवारे साप्ताहिक हाटकर दुहवी वडा नं. ९ | ३०,०००। |

शर्तहरु :-

१. शिलबन्दी बोलपत्र साथ रु.१० को टिकट टाँसी आफुले कबोल गरेको ठेक्का अंकको नेपाली नागरीक भए ५% र गैर नेपाली नागरीक भए १०%
धरौटी बापत रकम दुहवी न.पा.,नगर कार्यपालिकाको कार्यालयको ग.वा.बैंक ईनरुवामा रहेको धरौटी खाता नं. २२२०३०३००७१०३) मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ ।

२. शिलबन्दी बोलपत्र साथ बोलपत्रवालाले नेपाली नागरीकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ । संस्थाको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. रा.ठे नं. १४को हकमा बोल पत्र खरिद गर्नका लागि व्यवसाय दर्ता प्रमाण पत्र मु.अ.कर दर्ता र कर चुक्ता प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्ने छ ।

४. शिलबन्दी बोलपत्र फारम दस्तुर रु. १००० (फिर्ता नहुने गरी) बोलपत्र फारम दुहवी न.पा.नगर कार्यपालिकाको कार्यालयको कर शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

५. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति दोश्रो पटक सुचना जारी भएको ७ सातौ दिन सम्म (२०७६/०३/२५), शिलबन्दी बोलपत्र दर्ता मिति २०७६/०३/२६ गते १२:०० बजे सम्म दुहवी न.पा., नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ र शिलबन्दी बोलपत्र मिति २०७६/०३/२६ गते दिनको ०२:०० बजे यस न.पा.कार्यालयमा खोलिने छ ।

६. म्याद नाघी आएको वा रीत नपुगेको टेण्डर फाराम उपर कुनै कारवाहि हुने छैन ।

७. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

८. दर्ता भएको बोलपत्रहरु नियमानुसार खोली स्वीकृत हुने शिलबन्दी बोलपत्रवालाले स्वीकृत ठेक्का रकम ठेक्काको सम्झौता संगै एकमुष्ट रकम बुझाउनु पर्ने छ र सम्पुर्ण ठेक रकम एकमुष्ट बुझाएमा १०% प्रतिशत छुट दिईनेछ ।

९. दर्ता भएको शिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलपत्रवाला वा निजको प्रतिनिधि को रोहवरमा दुहवी न.पा., नगर कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ ।

१०. नगरपालिकाले तोकि दिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्ने छ ।

११. अन्य जानकारीको लागि दुहवी न.पा., नगर कार्यपालिकाको कार्यालयको राजश्व तथा कर शाखामा कार्यालय समय भित्र टेलिफोन नम्बर ०२५- ५४००२४ मा सम्पर्क राख्न सकिनेछ ।

१२. वार्षिक ठेक्का रकम बाँकी अवधीको लागि स्वीकृत भएको दिन देखि दामासाहीले लागु हुनेछ ।

नोट : बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा सिलबन्दी बोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोली पल्ट दर्ता हुने तथा खोलिने छ ।

अमरराज ओझा
प्रमुख प्रशासकीय अधिकृत